**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ३० दिसम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले भारत सुधार एक्सप्रेसमा चढेर विश्वको ध्यानको केन्द्रको रूपमा उदाएको बताउनु भएको छ।

- केन्द्रीय गृहमन्त्री तथा भाजपाका वरिष्ठ नेता अमित शाहले पश्चिम बंगाल सरकारले सीमामा तारबार लगाउनका लागि जमिन छुट्याउनु भन्दा घुसपैठीहरुका लागि जमिन उपलब्ध गराउन प्राथमिकता दिएको आरोप लगाउनु भएको छ I

- शिक्षा मन्त्रालयले युवा लेखकहरूलाई मार्गदर्शन गर्ने प्रधानमन्त्रीको योजना पीएम-युवा ३.० अन्तर्गत प्रतियोगिताको परिणाम घोषणा गरेको छ।

- दार्जीलिङ नगरपालिकाको ऐतिहासिक १७५ औं स्थापना दिससको अवसरमा आज चौरस्ता परिसरमा भव्य कार्यक्रम सम्पन्न गरियो।

- लगभग तीन महिनाको लामो प्रतीक्षापछि रोहिणी सडकमार्ग १ जनवरी देखि खुल्ने भएको छ।

**प्रधानमन्त्री नरेन्द्र मोदी - विश्वको ध्यान केन्द्र**

प्रधानमन्त्री नरेन्द्र मोदीले भारत सुधार एक्सप्रेसमा चढेर विश्वको ध्यानको केन्द्रको रूपमा उदाएको बताउनु भएको छ। सामाजिक सञ्जालमा साझा गरिएको एक लेखमा प्रधानमन्त्री श्री मोदीले भन्नुभएको छ -आज विश्वले भारतलाई आशा र विश्वासका साथ हेरिरहेको छ। उहाले अझ भन्नुभएको छ - विश्वले प्रगतिको गतिलाई सराहना गरिरहेको छ, जुन देशमा अर्को पुस्ताको सुधारको साथ तीव्र भएको छ। प्रधानमन्त्री श्री मोदी भन्नुभयो, सुधार एक्सप्रेसको प्राथमिक इन्जिन भारतको जनसांख्यिकी, यसको युवा पुस्ता र देशवासीहरूको अदम्य भावना हो। श्री मोदीले बर्ष २०२५ लाई भारतका लागि सुधारहरूको वर्षको रूपमा सम्झना गरिनेछ बताउनुहुदै यसले विभिन्न क्षेत्रहरूमा पथप्रदर्शक परिवर्तनहरू देखेको बिचार व्यक्त गर्नुभएको छ जसले देशको विकास यात्रालाई गति दिएको छ। सरकारले संस्थाहरूलाई आधुनिकीकरण गरेको, शासनलाई सरलीकृत गरेको र दीर्घकालीन समावेशी विकासको आधारलाई बलियो बनाएको उहाँले बताउनु भएको छ I

**प्रधानमन्त्री -नीति आयोग**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नीति आयोगमा एक बैठकको अध्यक्षता गर्नुभयो र प्रख्यात अर्थशास्त्रीहरू र क्षेत्रीय विशेषज्ञहरूसँग कुराकानी गर्नुभयो साथै केन्द्रीय बजेट 2026-27 अघि उहाँहरूको विचार र सुझावहरू जान्नुभयो। यस बैठकले विशेषज्ञहरूका लागि देशको वर्तमान आर्थिक अवस्था र भविष्यका प्राथमिकताहरूमा उनीहरूको विचार र मूल्याङ्कन साझा गर्ने मञ्चको रूपमा काम गरेको छ । बैठकमा वृद्धिलाई समर्थन गर्न, समष्टिगत आर्थिक स्थिरतालाई सुदृढ पार्न र उदीयमान चुनौतीहरूलाई सम्बोधन गर्न थप सुधारहरू आवश्यक पर्ने क्षेत्रहरूमा चर्चा गरिएको थियो। सरकारले आर्थिक योजनाको अर्को चरणको तयारी गरिरहेको बेला नीति आयोगमा भएको अन्तरक्रियाले बहुमूल्य अन्तर्दृष्टि प्रदान गरेको छ।

**केन्द्रीय गृहमन्त्री - पश्चिम बंगाल-मुख्यमन्त्री**

केन्द्रीय गृहमन्त्री तथा भाजपाका वरिष्ठ नेता अमित शाहले पश्चिम बंगाल सरकारले सीमामा तारबार लगाउनका लागि जमिन छुट्याउनुभन्दा घुसपैठकर्ताका लागि जमिन उपलब्ध गराउन प्राथमिकता दिएको आरोप लगाउनु भएको छ। कटौती, चन्दा असुली र साम्प्रदायिक तुष्टीकरणको संस्कृतिका कारण राज्यको विकास अवरुद्ध भएको उहाले दाबी गर्नुभएको छ । कोलकाताको पोर्ट ब्लेयरमा नेताजी सुभाष चन्द्र बोसले आजाद हिन्द झण्डा फहराउनु भएको ८० औँ बर्षगाठ को अवसरमा श्री शाहले महिलाहरूको सुरक्षा र बङ्गालबाट औद्योगिक पलायनमाथि चिन्ता व्यक्त गर्नुभयो। उहाँले - भाजपालाई राज्यको हराएको गौरव पुनर्स्थापित गर्न र यसका महान प्रतीकहरूको सपना पूरा गर्न अवसर प्रदान गर्ने जनतालाई आग्रह गर्नुभयो । उहाँले अहिलेको कुशासन, भ्रष्टाचार र घुसपैठको युगलाई विस्थापित गरेर सुशासन र गरिबको हितमुखी सरकार बन्ने बताउनु भयो । गृहमन्त्री श्री शाहले पस्चिम बङ्गाल की मुख्यमन्त्री ममता बनर्जीले राजनीतिक लाभका लागि घुसपैठलाई संरक्षण दिइरहेको र बीएसएफ र नागरिकता संशोधन ऐन (सीएए) को कार्यान्वयनमा बाधा पुर्याएको आरोप पनि लगाउनु भएको छ। गृहमन्त्री श्री शाहले भन्नुभयो - 'तृणमूल कांग्रेसको शासनमा बंगालका जनता डरको वातावरणमा बाँच्न बाध्य छन्। घुसपैठ रोक्नका लागि बलियो प्रशासनिक प्रणाली बनाइने बताउनुहुदै श्री शाहले भन्नुभयो -भाजपाले घुसपैठ रोक्ने मात्र होइन, सबै घुसपैठीहरुको पहिचान र निष्कासन पनि गर्नेछ । श्री शाहले तृणमूल कांग्रेसको नेतृत्वमा बंगालको विकास पूर्ण रूपमा ठप्प भएको बताउनु भएको छ

**शिक्षा मन्त्रालय**

शिक्षा मन्त्रालयले युवा लेखकहरूलाई मार्गदर्शन गर्ने प्रधानमन्त्रीको योजना पीएम-युवा ३.० अन्तर्गत प्रतियोगिताको परिणाम घोषणा गरेको छ। यस संस्करणमा २२ भारतीय भाषा र अंग्रेजीमा ४३ वटा पुस्तक प्रस्ताव चयन भएका छन्। शिक्षा मन्त्रालयका अनुसार चयन भएका पुस्तकहरुका प्रस्तावलाई विद्वानहरुको ६ महिने मार्गदर्शनमा पुस्तकको रुपमा विकास गरिनेछ। छनोट भएका प्रत्येक लेखकले मासिक ५० हजार रुपिया छात्रवृत्ति र प्रकाशित पुस्तकमा १० प्रतिशत आजीवन रोयल्टी पाउने व्यवस्था गरिएको छ। भारत र विदेशमा देशको साहित्य र विचारको प्रतिनिधित्व गर्न नयाँ पुस्ताका लेखकहरूलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ पीएम-युवा ३.० अन्तर्गत पुस्तकहरूको पहिलो सेट अर्को वर्ष प्रकाशित हुनेछ।

**दार्जीलिङ नगरपालिका- १७५ औं स्थापना वर्षगाँठ**

दार्जीलिङ नगरपालिकाको ऐतिहासिक १७५ औं स्थापना वर्षगाँठको अवसरमा आज चौरस्ता परिसरमा भव्य कार्यक्रम सम्पन्न गरियो। झण्डै दुई शताब्दीदेखि दार्जीलिङ नगरपालिकाले सामाजिक, सांस्कृतिक, शैक्षिक तथा प्रशासनिक क्षेत्रमा पुर्‍याउँदै आएको महत्वपूर्ण योगदानको सम्मानस्वरूप यो विशेष समारोह आयोजना गरियो।

***कार्यक्रममा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनक मुख्य कार्यपाल अनित थापा, जीटीए सभाध्यक्ष अन्जुल चौहान लगायत अन्य सभासदगण ,दार्जीलिङ नगरपालिका अध्यक्ष दिपेन ठकुरी, उपाध्यक्षा प्रतिभा राई, सम्पूर्ण वार्डका नगर पार्षद–पार्षदिकागण तथा अन्य विशिष्ट अतिथिहरूको उपस्थिति रहेको थियो ।यस ऐतिहासिक अवसरमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यापाल अनित थापाले दार्जीलिङ नगरपालिकाको १७५ वर्षे गौरवमय यात्रा प्रति सम्पूर्णमा बधाई तथा शुभकामना व्यक्त गर्नुभएको छ ।श्री थापाले भन्नुभएको छ - सन 1850 सालदेखि शुरु भएको दार्जिलिङ नगरपालिकाको यात्रा दार्जीलिंग पहाडको शिक्षा, साहित्य, संस्कृति र पर्यटनसँग गाँसिएको गौरवमय इतिहास हो।***

**खर्सांग रोहिणी रोड खोलिने**

लगभग तीन महिनाको लामो प्रतीक्षापछि रोहिणी सडक १ जनवरी देखि खुल्ने भएको छ। गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन (जीटीए) ले १ जनवरी देखि यो रुटमा साना सवारी साधनको आवागमन सुरु गरिने जनाएको छ। यो खबरले रोहिणी क्षेत्रका होटल, रेष्टुरेन्ट मालिक, स्थानीय बासिन्दा र यातायात चालकमा खुसीको लहर छाएको छ ।जीटीएको लोक निर्माण विभागका कार्यकारी निर्देशक सोनाम लेप्चाले नयाँ वर्षको पहिलो दिनदेखि साना सवारी साधनहरुका लागि रोहिणी सडक खोल्ने प्रयास भइरहेको बताउनु भएको छ । यसका लागि दिनरात काम भइरहेको छ। तर, सबै प्रकारका सवारी साधनका लागि सडक पूर्ण रूपमा खोल्न केहि समय लाग्न सक्ने उहाँले जानकारी दिनुभएको छ
स्मरण गराइन्छ ,बिगत ४ अक्टोबर को राती पहाडमा परेको अत्याधिक वर्षा भल पैह्रोको कारण ठूलो क्षति भएको थियो। सोही

रात सिलिगुडी–दार्जिलिङ जोड्ने व्यस्त रोहिणी सडकको लगभग ५० मिटर सडक भत्किँदा सडकमार्ग पूर्ण रूपमा बन्द भएको थियो। अहिले रोहिणी रोड पैह्रोले वाधित बनेपछि सबै गाडीहरु राष्ट्रिय राजमार्ग 110 भएर कुदिरहेका छन्। अब रोहिणी रोड खोलिएपछि सबैलाई सुविधा हुने भएको छ। यो रोहिणी रोडको मरमत्ति कार्य जीटीए अन्तर्गत खरसाङ अभियन्ता विभागबाट गरिएको छ।

## सिलिगुडी नगर निगम- उद्घाटन

सिलिगुडी नगर निगमका मेयर गौतम देवले आज नवनिर्मित प्लेटिनम जुबली भवन र अत्याधुनिक अडिटोरियमको औपचारिक उद्घाटन गर्नुभएको छ। भवन र सभागृहको रिबन काटेर बत्ती बालेर उद्घाटन गरिएको थियो।उद्घाटन समारोहमा उपमेयर रञ्जन सरकार, अध्यक्ष प्रतुल चक्रवर्ती, नगर आयुक्त, मेयर काउन्सिलका सदस्यहरू, विभिन्न वार्डका पार्षदहरू र निगमका अधिकारीहरू उपस्थित थिए।आधुनिक सुविधाहरूले सुसज्जित, यस नयाँ सभागारले महत्त्वपूर्ण नगरपालिका बैठकहरू, बोर्ड बैठकहरू र विभिन्न चर्चा सत्रहरू आयोजना गर्दछ। उद्घाटन लगत्तै नयाँ प्रेक्षालयमा पहिलो बोर्ड बैठक पनि सम्पन्न भएको थियो।यस अवसरमा मेयर गौतमदेवले नयाँ भवन र सभागर ले सिलगुडी महानगरपालिकाको प्रशासनिक कामलाई थप पारदर्शी, छिटो र जनमुखी बनाउने बताउनु भएको छ। साथै, यो नयाँ बुनियादी ढाचा बिकास ले नागरिक सेवाहरू सुधार गर्न महत्त्वपूर्ण भूमिका खेल्नेमेयर गौतम देबले बताउनु भएको छ।

## ग्रेटर सिलीगुड़ी होटलियर वेलफेयर एसोसिएशन -साइबर क्राइम

ग्रेटर सिलिगुडी होटल वेलफेयर एसोसिएसनले आज साइबर क्राइम पुलिस स्टेशनमा लिखित उजुरी दर्ता गरेको छ। उजुरी अनुसार केही दिनअघि सिलगुडीका होटलमा रहेका बंगलादेशी नागरिकले होटलको भुक्तानी नगरेको बारेमा सामाजिक सञ्जालमा समाचार प्रसारित भएको थियो।उक्त समाचार प्रसाशित भएपछि अमित राजपूत नामका व्यक्तिले सामाजिक सञ्जालमा उक्त समाचारको कमेन्ट सेक्सनमा अश्लील, आपत्तिजनक र अपमानजनक टिप्पणी गरेको संघले आरोप लगाएको छ। यी टिप्पणीमार्फत होटल व्यवसायी संघ र सम्पूर्ण होटल व्यवस्थापनको छवि बिगार्ने प्रयास गरिएको छ। ग्रेटर सिलिगुडी होटल वेलफेयर एसोसिएसनका सहसचिव उज्ज्वल घोषले सामाजिक सञ्जालमा गैरजिम्मेवार र अमर्यादित टिप्पणीले व्यक्ति वा संस्थाको प्रतिष्ठामा आँच आउने मात्र नभई समाजमा अन्योल र अशान्तिको वातावरण सिर्जना गर्ने बताउनु भएको छ।

## सिलिगुडी -दार्जीलिंग -जाड़ो मौसम

सिलिगुडी शहरसहित दार्जीलिङ जिल्लामा शीतलहरको प्रकोप जारी रहेको छ। बाक्लो कुइरोको प्रभावले सडक, घरहरू र वरपरका क्षेत्रहरू ढाकिएका छन् जसको फलस्वरूप कठाग्रिने जाडोमा वृद्धि भएको छ। बिहान ढिलो घाम उदाउने भएकाले चिसोको असर सामान्य जनजीवनमा पनि स्पष्ट देखिन थालेको छ। तर, यो चिसोले धेरैलाई विशेष आनन्द पनि दिइरहेको छ। चिसोको मौसममा रमाउन स्थानीय र पर्यटकहरू अबेर रातदेखि बिहानैसम्म शहरका सडकमा आउने गरेका छन्। चिसोबाट बच्न शहरका विभिन्न क्षेत्रमा, रिक्सा चालक र दैनिक ज्यालादारी गर्ने मजदुर आगो तापेर आफूलाई न्यानो पार्ने गरेको देखिएका छन्। दार्जीलिंग पहाडी क्षेत्र मा पनि चिसो अत्याधिक बढेपछि जनजीवन प्रभावित भएको छ। पहाडवासीले दार्जीलिंग पहाडमा नया वर्षको आगमन संगै हिमपात हुने आशा गरिरहेका छन् भने मिरिक ,खर्साग अनि कालेबुंग क्षेत्रको पर्यटन केन्द्रहरुमा ठण्डाको वृद्धि संगै पर्यटकहरुको आगमनमा पनि वृद्धि भएको छ।

## अखिल भारतीय गुरुङ तमु-सम्पन्न

जातीय परम्परालाई संरक्षण गर्दै नयाँ पिडीहरुमा आफ्नो सस्कार तथा सस्कृतीलाई देखाउने प्रमुख उदेश्यको साथमा अखिल भारतीय गुरुङ तमु संघ पुलबजार विजनबारी शाखाद्वारा गुरुङ तमु तोला लोसार सम्पन्न गरियो। वीर बहादुर गुरुङको अध्यक्षतामा स्थानीय नयाँ नोर ग्रामको सुन्तले बस्तीमा आयोजना गरिएको कार्यक्रममा संगठनक केन्द्रीय समितिका सहसचिव धिरेन गुरुङ प्रमुख अतिथिका रूपमा उपस्तिथि हुनुहुन्थ्यो भने विभिन्न शाखाका पदाधिकारी लगायत सर्वसाधारण सदस्यहरुको बाक्लो उपस्थिति रहेको थियो।

****** ० ******